जोरीमालिका दैनिक



**जाजरकोट जिल्लाको नलगाड र भेरी नदीको नलगाड नगरपालिका क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

# सार्वजनिक सूचना !

*(प्रकाशन मितिः २०७८/१०/०३)*

कर्णाली प्रदेश, जाजरकोट जिल्लाको नलगाड र भेरी नदीको नलगाड नगरपालिका क्षेत्रमा नलगाड नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

**तपशिल**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नलगाड नगरपालिका<br>ठेगानाः दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल<br>फोन नं- ९८४०५३६२७५,९८४३६७५५१६<br>इमेलः ito.nalgaadmun@gmail.com<br>वेवसाइट : http://tribeninalgaadmun.gov.np/contact |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित जाजरकोट जिल्लाको नलगाड र भेरी नदीको नलगाड नगरपालिका क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने योजना बनाइ कार्यान्वयन गर्न लागिएको छ। नदिजन्य पदार्थ संकलनका लागि भेरी नदीमा चिसापानीको बैरीताल बगर (तल्लो), नलगाड न.पा. वडा नं.१ देखि औलबुर्ता माथिको बगर, नलगाड न.पा. वडा नं. १३ सम्मको भागमा सात वटा संकलन स्थानहरु र नलगाड नदीमा नलगाड नदी र भेरी नदीको संगम देखि माथिल्लो तटीय क्षेत्रमा कालिमाटी बजार देखि माथिल्लो भागमा एक वटा संकलन स्थान पहिचान भएको छ। पहिचान भएका उक्त स्थानहरुमा उपलब्ध नदिजन्य पदार्थको प्रारम्भिक अनुमानित परिमाण ३१,४८३ घन मिटर प्रतिवर्ष रहेको छ। पहिचान भएका स्थानहरु बाट उत्खनन् तथा संकलन गर्न सकिने नदिजन्य पदार्थको परिमाण प्रारम्भिक वातावरणीय परीक्षणको समयमा यकिन गरिनेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा** | जाजरकोट जिल्ला नलगाड नगरपालिकाको वडा नं. १, २, ५, ७, ८, ९, १०, ११, १२ र १३ मा अवस्थित नलगाड र भेरी नदीका बगर र आसपासका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| **प्रस्तावकको नाम र ठेगाना :** | **परामर्शदाताको नाम र ठेगाना :** |
|---|---|
| **नलगाड नगरपालिका**<br>ठेगानाः दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल<br>**फोन नं-** ९८४०५३६२७५,९८४३६७५५१६<br>**इमेल**: ito.nalgaadmun@gmail.com<br>**वेवसाइट**: tribeninalgaadmun.gov.np/contact | **मिसन इन्जिनियरिङ कन्सलटेन्सि प्राइभेट लिमिटेड**<br>खलंगा- २, जाजरकोट (भेरि न. पा.- ३, जाजरकोट), नेपाल<br>**फोन नं.** - ९८५६०३०९४०<br>**इमेल**: mission.engineeringconsultancy@gmail.com<br>thapa044@hotmail.com |